# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०७ | काठमाडौं | बुधबार, २४ फागुन २०७९ | Prabhab National Daily | Wednesday, March 08, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# दबाबमा प्रधानमन्त्री दाहाल

■ जेबी योञ्जन



- प्रधानमन्त्रीविरूद्ध कांग्रेसका नेता कार्यकर्ताको रिट
- तत्काल पक्राउ गरेर फौजदारी कसूरमा अनुसन्धानको माग
- पाँच हजार जनाको हत्याको जिम्मा लिने अभिव्यक्ति प्रमाणको रूपमा पेस
- ज्ञानेन्द्र आरण, कल्याण बुढाथोकीलगायत रिट निवेदक
- २५ फागुनमा रिटको प्रारम्भिक सुनुवाइ हुने
- परिवर्तनविरोधी गतिविधि भन्दै प्रतिवाद गर्ने माओवादीसहित आठ दलको चेतावनी
- द्वन्द्वकालीन मुद्दा आयोगबाटै टुंग्याउनुपर्ने राष्ट्रिय मानव अधिकार आयोग र बारको धारणा

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । द्वन्द्वकालीन घटनामा पाँच हजार जनाको हत्या स्वीकारेको अभिव्यक्तिसँग जोडिएर कांग्रेस नेतासमेत रहेका अधिवक्ता ज्ञानेन्द्रराज आरणसहितले द्वन्द्वकालमा माओवादीबाट मारिएकाहरूको तर्फबाट र कल्याण बुढाथोकीसहितले द्वन्द्वकालमै घाइते, विस्थापित, सम्पत्ति कब्जा भएकाहरूको तर्फबाट मंगलबार सर्वोच्च अदालतमा रिट दर्ता गराएका हुन् ।

रिटमार्फत पाँच हजार जनाको हत्याको जिम्मेवारी लिन्छु भनी अभिव्यक्ति दिएको भन्दै प्रधानमन्त्री दाहाललाई तत्काल पक्राउ गरी कारबाही अघि बढाउन आदेश जारी हुनुपर्ने माग गरेका छन् । प्रधानमन्त्रीको दल नेकपा माओवादी केन्द्रसहितका विभिन्न आठ दलले द्वन्द्वकालीन मुद्दालाई नियमित अदालतमार्फत बढाउन नहुने र यदि त्यसो गरिए प्रतिवाद गर्ने चेतावनी दिएको केही घण्टामै अदालतमा रिट दर्ता भएको हो ।

'रिट दर्ता भएको छ । यही फागुन २५ गते इजलासमा पेस हुनेगरी रिट निवेदन दर्ता भयो,' सर्वोच्चका सूचना अधिकारी देवेन्द्र ढकालले *प्रभाव*सँग भने ।

निर्वाचनअघि नै आरण र बुढाथोकीले दाहालविरुद्ध सर्वोच्चमा पक्राउ गरेर अनुसन्धान गर्न माग गर्दै रिट दायर गरेका थिए । त्यसबेला सर्वोच्च प्रशासनले उनीहरूले दायर गरेको रिट दरपीठ गरिदियो । दरपीठ गर्नुको कारण संक्रमणकालीन न्याय संयन्त्रबाट द्वन्द्वकालीन मुद्दाको न्यायिक निरूपण गर्नुपर्ने भनियो । यसपछि उनीहरू इजलासमा गए । न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा र हरि फुयाँलको संयुक्त इजलासले यही १९ फागुनमा रिट निवेदकहरूले दिएको उक्त रिट दर्ता गर्न आदेशमात्रै दिएन पीडितहरूले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाइ अनन्तकालसम्म अल्झाइराख्न मिल्ने देखिँदैन भन्ने आदेश दियो । आदेशको यही व्यहोराले सशस्त्र विद्रोह गरेका माओवादीहरू झस्किए । रिट दर्ता पनि भयो ।

दर्तालगत्तै माओवादी नेता हिमाल शर्माले द्वन्द्वकालीन मुद्दाहरूमाथि न्यायिक निरूपण न्यायालयबाट खोजिन नहुने बताए । यदि त्यसो गरिए देशमा फेरि विद्रोह हुने चेतावनी दिए । 'कांग्रेसका केही नेता कार्यकर्ताले शान्ति प्रक्रियाको बाँकी काम नटुंगिँदै त्यसलाई बिथोल्ने कुत्सित मनशायका साथ अदालतमा रिट दर्ता गऱ्यो,' शर्माले भने, 'यसले शान्ति प्रक्रियालाई ठीक ढंगले अघि बढाउन सहयोग पुऱ्याउँदैन । बरु विद्रोह जन्माउँछ ।'

रिट निवेदकहरू २६ जना छन् । अधिकांश रामेछापका हुन् । उनीहरू राजनीतिकरूपमा कांग्रेससँग नजिक छन् । जबकि, कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले मंगलबारै द्वन्द्वकालीन मुद्दालाई संक्रमणकालीन न्याय पद्धतिबाट सल्टाउनुपर्ने बताएका छन् । उनले द्वन्द्वकालीन मुद्दा टुंगोमा पुऱ्याउने दायित्व माओवादीको मात्रै नभएको पनि बताए । 'सर्वोच्च अदालतमा रिट पर्नु स्वाभाविक हो । तर यो विषय कुनै एक दलको मात्रै विषय हैन । यो त सिंगो राज्यको विषय हो,' लेखकले भने ।

१२ बुँदे विस्तृत शान्तिमा छ महिनाभित्रमा संक्रमणकालीन न्यायिक प्रक्रियाअनुसार सत्य निरूपण गरी द्वन्द्वकालीन मुद्दाको निरूपण गर्ने भनिएको थियो । तर, १६ वर्ष नाघेको छ । अझैसम्म द्वन्द्वकालीन मुद्दाको न्यायिक निरूपण भएको छैन । जसका कारण शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुगेको छैन ।

तर, यसमा थप चुनौती हुनेगरी द्वन्द्वकालीन मुद्दाले अदालत प्रवेश पाएको छ । अझ शान्ति सम्झौताका एक जना हस्ताक्षरकर्ता प्रधानमन्त्री दाहाललाई नै रिटमा विपक्षी बनाइएको छ । जहाँ फौजदारी कसूरमा न्याय सम्पादन गर्नुपर्ने भनिएको छ ।

(**बाँकी पृष्ठ २ मा**)

# डा. रूइत जन्मभूमि फर्किंदा...



■ सन्तोष पुर्कुटी

**ताप्लेजुङ–** आफू जन्मे-हुर्केको गाउँको माया सबैलाई हुन्छ । त्यही भूगोलसँग बलियो भावनात्मक सम्बन्ध हुन्छ । जहाँ उनीहरूले परिचित र सान्त्वनाको महसुस गर्छन् । गृहनगरको प्रेम शक्तिशाली र स्थायी हुन्छ भन्ने कुरा आफ्नो जन्मिएको, हुर्किएको गाउँमा फर्किएकाहरूले प्रस्टै झल्काउँछन् । 'आफू जन्मे-हुर्केको ठाउँको माया सबैलाई लाग्छ, मलाई पनि त्यो मायाले तानेर बेला-बेलामा जन्मेहुर्केको आफ्नो गाउँमा ल्याउँछ,' गृहजिल्ला ताप्लेजुङ आएका डा. सन्दुक रुइतले भने ।

जन्मगाउँ ओलाङ्चुङगोला प्रस्थान गर्नुअघि फक्ताङलुङ गाउँपालिकाको तापेथोकमा आयोजित आँखा शिविरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै जन्मभूमिप्रति आफ्नो छुट्टै दायित्वसमेत रहेको उनले बताए । सानो छँदै मनभरि गाउँको माया र सम्झनाको भारी बोकेर उज्यालो भविष्यका लागि गाउँ छाडेका डा. रुइत जिम्मेवारी र दायित्वका भारी बोकेर यतिबेला गृहजिल्ला आइपुगेका हुन् । आँखारोग विशेषज्ञ भएपछि विभिन्न समयमा यहाँ आएका डा. रुइत हालै विश्व प्रतिष्ठित 'इसा अवार्ड' प्राप्त गरेपछि पहिलोपटक सोमबार आफ्नो जन्मथलो ओलाङचुङगोलामा पुगेका छन् । उनी लेलेपको इलाडाँडाबाट पैदल हिँडेरै आफ्नो गाउँमा पुगेका हुन् ।

हजारौंको आँखामा ज्योति दिएका डा. रुइतलाई राज्यको नजर आफ्नो जिल्लाको भिरपाखा, दूरदराजका गाउँमा नपुग्दा भने दुःख लागेको छ । सञ्चारकर्मीहरूसँगको कुराकानीका क्रममा उनले भने, 'सुदूरपूर्वी यस क्षेत्रका नागरिकलाई धेरै दुःख छ, यो ठाउँमा राज्यको पनि आँखा पुगेको छैन, विश्वको तेस्रो अग्लो कञ्चनजंघा हिमाल, तमोर काबेलीजस्ता नदीनाला, प्रसिद्ध तीर्थस्थल पाथीभरा, करिब ४०० वर्ष पुरानो दिकिछ्योलिङ गुम्बा रहेको यो जिल्ला जैविक विविधताले भरिपूर्ण छ, यसको प्रवर्द्धन हुनुपर्छ, नागरिकको जीवनस्तर उकास्नुपर्छ ।'

यहाँका नागरिकमा उसबेला देखिएको कठिनाइ आज पनि झण्डै उस्तै देखिएको भन्दै उनीहरूको जीवनस्तरलाई कसरी उकास्न सकिन्छ भन्ने आफूलाई (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# साउदीमा गैरकानुनीरूपमा काम गर्ने आप्रवासी कामदार बढ्दो

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय साउदी अरेबियाको निर्माण क्षेत्रमा अवैधरूपमा श्रम गर्ने आप्रवासी कामदारहरू बढ्दै गएको बताइएको छ । साउदीको श्रम मन्त्रालयले गरेको एक अध्ययनअनुसार निर्माण क्षेत्रमा गैरकानुनीरूपमा काम गर्ने आप्रवासी कामदारको संख्या बढेको त्यहाँको सञ्चारमाध्यम अरबन्युजले उल्लेख गरेको छ ।

गैरकानुनी श्रमलाई निरुत्साहित गर्न विभिन्न कार्यक्रम तथा कानुनी बन्देजका उपायहरू अवलम्बन गरे पनि गैरकानुनीरूपमा काम गर्ने कामदारहरू बढेको मन्त्रालयले जनाएको छ । अरबन्युजका अनुसार श्रम मन्त्रालयले गैरकानुनी कामदार ठूलो संख्यामा बढ्नुलाई रोजगारदाताहरूले जवाजत (अध्यागमन विभाग)को नियमलाई उल्लंघन गरेको र अवैधरूपमा कामदारलाई रोजगारी दिनु रहेको उल्लेख गरेको छ ।

जवाजतको नियमविपरीत कुनै रोजगारदाताले आफ्नो वा अरूका लागि प्रवासी कामदारलाई रोजगारको अनुमति दिन्छ भने आर्थिक जरिवाना, जेल सजाय, निर्वासन, वा कामदार भर्तीबाट प्रतिबन्धलगायतको कारबाही सामना गर्नुपर्ने कानुनी व्यवस्था रहेको उक्त सञ्चारमाध्यमले जनाएको छ । कानुनी प्रावधानअनुसार गैरकानुनीरूपमा काम लगाउने रोजगारदातालाई छ महिनासम्म कैद वा पाँच वर्षसम्मका लागि कामदार भर्ती प्रतिबन्ध र आर्थिक जरिवाना संलग्न व्यक्तिहरूको संख्याको आधारमा गुणन गरी तय हुनेछ । यदि रोजगारदाता प्रवासी हो भने देश निकालासम्मको सजाय भोग्नुपर्ने व्यवस्था छ ।



> साउदीको श्रम मन्त्रालयले गरेको एक अध्ययनअनुसार निर्माण क्षेत्रमा गैरकानुनीरूपमा काम गर्ने आप्रवासी कामदारको संख्या बढेको बताइएको छ

अधिकांश कामदारसँग साउदी श्रम बजारलाई आवश्यक पर्ने सीप नभएको भन्दै नियमितरूपमा अनुगमन र नियमन गर्दा गर्दै पनि निर्माणको क्षेत्रमा गैरकानुनीरूपमा काम गर्नेहरू बढ्नु दुःखद रहेको विज्ञहरूले बताएका छन् । रियादको सार्वजनिक प्रशासन संस्थानका सल्लाहकार तथा कानुनका प्राध्यापक डा. ओसामा घनेम अल-अबैदीले अध्यागमनले गरेको कानुनी सजायको व्यवस्थाले श्रमबजारलाई राम्रोसँग नियमन गर्न सघाउ पुऱ्याउने र वास्तवमा गैरकानुनी कामदारबाट आर्थिक फाइदा लिनेहरूलाई दण्डित गर्न सजिलो हुने बताएको अरबन्युजले उल्लेख गरेको छ ।

साउदीको अध्यागमन विभागलेसमेत ट्वीटमार्फत श्रम कानुनविपरीत काम गरिरहेका आप्रवासी कामदारहरू पक्राउ पर्ने क्रम पनि बढिरहेको भन्दै रेसिडेन्सी र सीमा सुरक्षा नियमहरू उल्लंघन गर्नेहरूको पहिचान भएमा रिपोर्ट गर्न आफ्ना जनतालाई आह्वान गरेको छ । कडा नीतिका कारण वैदेशिक रोजगारीका लागि साउदी पुगेर विविध कारणले गैरकानुनीरूपमा बसेका थुप्रै नेपाली आवश्यक प्रक्रिया पूरा गरी नेपाल फर्किने क्रमसमेत बढेको छ । यसका लागि रियादस्थित नेपाली दूतावासले समन्वय गर्दै आइरहेको छ ।

हुरुब लागेका (कम्पनी छाडेर भागेका), इकामा (बस्ने अनुमति) नभएका वा रोजगारीको अवधि सकिएर गैरकानुनीरूपमा बसेका नेपालीलाई दूतावासको पहलमा साउदीले एक्जिट भिसा दिने गरेको छ । दूतावासका अनुसार चालु आर्थिक वर्षको सात महिनामा झण्डै एक हजार ७०० जनाले एक्जिट भिसा प्राप्त गरी नेपाल फर्किएका छन् ।

# कोरियाको सीप, नेपालमा उद्यम

**चितवन–** वैदेशिक रोजगारका लागि दैनिक हजारौंको संख्यामा नेपालीहरू विदेश जान्छन् । वैदेशिक रोजगारमा गएकामध्ये निकै कमले मात्रै आफूले सिकेको सीप नेपाल फर्किएर प्रयोग गर्छन् ।

वैदेशिक रोजगारका क्रममा १५ वर्ष दक्षिण कोरिया बसेर फर्किएका इभान गिरीले अहिले फ्रोजन मःमःको व्यवसाय सुरु गरेका छन् । उनले यसरी बनाएको मःमः रेष्टुराँ, होटल, क्यान्टिनलगायतमा बिक्री गर्दै आएका छन् । उनी यतिबेला नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा सुरु भएको प्रथम गण्डकी औद्योगिक व्यापार मेलामा आफ्नो उत्पादनको बजारीकरणमा खटिएका छन् ।

चितवनको भरतपुर-५ तोरीखेतका गिरी कोरियामा छँदा मासिक तीन लाख रूपैयाँ आम्दानी हुने बताउँछन् । गिरीले सुरु गरेको उद्यममा यतिखेर आठ जनाले रोजगारी पाइरहेका छन् । भरतपुर-५ शान्तिचोकमा 'उरी मःमः' कम्पनी सञ्चालन गरेका उनले कोरियन भाषामा 'उरी'को अर्थ हाम्रो भएको बताए ।

'हामीले स्वचालित मेसिनबाट चिकेन, बफ र भेज मःम उत्पादन गरेर विभिन्न डिपार्टमेन्टल स्टोर, रेस्टुराँ, होटल तथा क्यान्टिनमा बिक्री गरिरहेका छौं,' गिरीले भने, '२० लाखबाट लगानी गरी सुरु गरेको कम्पनीमा अहिले एक करोडको लगानी भइसकेको छ ।' कोरियामा छँदा खाद्य उद्योगमा काम गरेका उनी नेपालमै केही गर्ने उद्देश्यले पाँच वर्षअघि फर्किएका थिए । कोरियन प्रविधि प्रयोग गरी उत्पादन गरिएको मःमः फ्रोजन गरी होलसेल तथा खुद्रा बिक्री गर्दै आएको गिरीले बताए ।

उनले आफ्नो कम्पनीसँग दैनिक पाँच हजार प्लेट मःमः उत्पादन गर्ने क्षमता भए पनि हाल दुई हजार प्लेट उत्पादन भइरहेको जानकारी दिए । उनका अनुसार चितवनसहित नवलपुर, मकवानपुर, तनहुँ र पाल्पाको रामपुर मःमःको बजार बनेको छ । *रासस*






(बाँकी पृष्ठ २ मा)

# सबै वडाबाट निःशुल्क कानुनी सेवा दिँदै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले आगामी चैत १ गतेदेखि ३२ वटै वडा कार्यालयबाट निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराउने भएको छ। उक्त सेवा दिन हाल सबै वडा कार्यालयको अवलोकन गरी स्थान तय गर्ने काम भइरहेको छ।

महानगरपालिकाले नेपाल ल क्याम्पससँगको सहकार्यमा सो कार्य गर्न लागेको सूचना अधिकारी वसन्त आचार्यले जानकारी दिए। परामर्श सेवा दिन ल क्याम्पसमा अध्ययनरत ५० विद्यर्थीलाई तालिम प्रदान गरिएको छ। सेवा उपलब्ध गराउन उनीहरू वडा कार्यालयमा स्थापना गरिने 'हेल्प डेस्क'मा कार्यालय अवधिभरि रहने छन्। त्यहाँबाट नागरिकले आवश्यकताअनुसार लिखित, मौखिक तथा दुवै किसिमको सेवा निःशुल्क प्राप्त गर्न सक्ने आचार्यले बताए।

क्याम्पसले एलएलएम, एलएलबी तथा बिए एलएलबिमा अध्ययनरत विद्यार्थीलाई पठाउने तयारी गरेको छ। त्यसैगरी मौखिक कानुनी परामर्शसँगै उक्त कार्यालयबाट सेवा प्रवाहबारे जानकारी दिनुपर्नेछ। विशेषतः सहजरूपमा कार्यालय पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिलगायत अत्यावश्यक सेवा प्रवाहमा ध्यान दिनुपर्नेछ। निःशुल्क सेवा उपलब्ध गराएबापत महानगरपालिकाले क्याम्पसबाट तोकिएका व्यक्तिका लागि मासिक १५ हजार रूपैयाँ उपलब्ध गराउनुपर्नेछ। त्यस्तै सेवा दिनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री पनि महानगरपालिकाले नै उपलब्ध गराउनुपर्नेछ।

उक्त सेवा प्रवाह थालिएसँगै कानुनी सेवा प्राप्त गर्न नागरिकलाई सहज हुने कामपाको विश्वास छ। उक्त सेवा दिने सम्बन्धमा गत माघ १७ गते कामपा र क्याम्पसबीच सम्झौता भएको थियो।

## दबाबमा...

पृष्ठ १ बाट जारी

फौजदारी कानुनका जानकार अधिवक्ता डा. कुन्साङ लामा योञ्जनले पनि द्वन्द्वकालीन घटनासम्बन्धी मुद्दा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगभित्र पर्ने बताए। त्यसो हुनाले फौजदारी अपराध संहिताअनुसार द्वन्द्वकालीन मुद्दालाई जोडेर सोहीअनुसार न्याय सम्पादन गर्न प्रासंगिक नहुने उनको भनाइ छ। यदि, गम्भीर प्रकृतिको मानव अधिकार हननका घटनामा संलग्न भए वा घटना घटाउन निर्देशन दिएको अवस्थामा मात्रै उक्त फौजदारी संहिता आकर्षित हुनसक्ने डा. योञ्जनले बताए।

'गम्भीर प्रकृतिको मानव अधिकार उल्लंघन भएको घटनामा दोषी देखियो भने पात्रको कुरा भएन। चाहे प्रधानमन्त्री होस्, चाहे सामान्य व्यक्ति किन नहोस्। फौजदारी कसूरअनुसार सजाय भोग्नुपर्छ,' उनले भने, 'तर, द्वन्द्वकालीन मुद्दा दुईवटा आयोगबाटै हुनु न्यायोचित हुन्छ।'

माओवादीसहितका आठ दलको संयुक्त बैठकले शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन तत्काल पहल गर्न सरकारसँग माग गरेको छ। प्रधानमन्त्रीको आह्वानमा बालुवाटारमा बसेको बैठकले संक्रमणकालीन न्यायबारे हाल भइरहेको चर्चाबारे गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। परिवर्तनविरोधी गतिविधिलाई नसहने पनि चेतावनी दिएको छ।

'शान्ति सम्झौता र परिवर्तनका विरुद्ध हुने कुनै पनि गतिविधिको प्रतिवाद गर्न हामी एकमत छौं,' संयुक्त बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ। विज्ञप्तिमा हस्ताक्षर गरेकामध्येका एक जना नेता नेकपाका प्रवक्ता खड्कबहादुर विश्वकर्माले दाहाललाई जेल हालेर देखाउन चुनौती दिए। यदि जेल हालियो भने त्यो मूर्खता हुने उनको चुनौती छ। 'जेलमा हालेर देखाओस् त। हेरौं न, कसले मूर्खता गर्दोरहेछ ?,' प्रवक्ता विश्वकर्मा आक्रोशित भए।

बहालवाला प्रधानमन्त्रीविरुद्ध फौजदारी कसूरमा मुद्दा दर्तापछि देशको राजनीति तरंगित भएको छ। सशस्त्र विद्रोहमा सँगै भएका तर हाल विभिन्न दलमा पुगेका नेताहरू पनि माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्रीविरुद्धको रिट दर्ता भएपछि एकमत भएका छन्। उनीहरूले प्रधानमन्त्री दाहालविरुद्धको रिटलाई देशमा हिंसा भड्काउने षड्यन्त्रको रूपमा अर्थ्याएका छन्। उनीहरूले माओवादी सशस्त्र द्वन्द्व, जनआन्दोलन र मधेस आन्दोलनलगायतका उपलब्धिलाई उल्टयाउने 'षडयन्त्र' पनि भनेका छन्।

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले पनि शान्ति प्रक्रियासँग सम्बन्धित विषयहरू टुंगोमा पुऱ्याउन सरकार, सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोग जिम्मेवार हुनुपर्ने जनाएको छ। यसले न्यायालयबाट द्वन्द्वकालीन घटनाहरूको न्यायिक निरूपण आयोगले अस्वीकार गरेको प्रष्टिन्छ।

एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र महासचिव अञ्जिता खनालले मंगलबार विज्ञप्ति जारी गर्दै शान्ति प्रक्रियासँग सम्बन्धित मुद्दामा कार्यक्षेत्रको प्रसंग पनि उल्लेख गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगले पनि न्यायालयबाट भन्दा पनि आयोगहरूबाटै संक्रमणकालीन न्यायलाई यथाशीघ्र टुंगोमा पुऱ्याउन आग्रह गरेको छ। आयोगले राज्य पक्ष र तत्कालीन सशस्त्र विद्रोही पक्षबीच भएको विस्तृत शान्ति सम्झौतामा संक्रमणकालीन न्यायका माध्यमबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने भनिएको १६ वर्ष पूरा भइसक्दासमेत कतिपय विषय टुंगोमा नपुगेको भन्दै चिन्ता व्यक्त गरेको छ। आयोगले संक्रमणकालीन न्यायको विषयमा केही दिनदेखि विभिन्न कोणबाट बहस भइरहेको भन्दै त्यसमा ध्यानाकर्षण गराएको हो।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७८/०४/१८ मा दर्ता भएको प्रा.लि.नं. २६६५२४ को **एन.ई.पी.ए.एन एजुकेशन सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सप्तकोशी सा.व.उ.स. बेलका नपा-२ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९/११/२४

यस समूहले आर्थिक बर्ष २०७८।०७९ मा नियामानुसार संकलन गरी समुहको घाटगद्दीमा रहेको लट नम्बर १ को साल जातको थान ७८ को ७९२.७८ क्यू.फि, लट नं. २ को साल जातको थान ८५ को ७३१.२१ क्यू फि र लट नं ३ को साल जातको थान ४८ को ५७४.३८ क्यू फि काठ समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

**नेपाल जनस्वास्थ्य तथा शिक्षा समूह**
धुम्बराही, काठमाडौ
NEPHEG

### बोलपत्र आवहान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिती : २०७९/११/२४

विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा सञ्चालित मातृ शिशु तथा बाल्यकालीन पोषण (MCHN) कार्यक्रम अन्तर्गत मोरङ्ग, सुनसरी र झापा जिल्लामा सञ्चालन भईरहेको कार्यक्रम मध्य ४७ वटा स्वास्थ्य संस्थाहरुमा खानेपानी मर्मत सुधार कार्य र सोहि जिल्लाहरुको १/१ स्थानमा आपतकालीन अवस्थामा आवश्यक पर्ने पोषण सामाग्री भण्डारण गर्नका लागी एक तल्लाको पक्की खाद्य भण्डारगृह निर्माण गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुबाट कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ताको प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितीले ७ दिन (मिती २०७९/११/३० गते दिनको ३ बजे) भित्र बोलपत्र दाखिला गर्नुपर्नेछ।

सम्पर्कको लागी Email: nepheg@gmail.com

### सुदुरपश्चिम प्रदेश,कैलाली जिल्ला जोशीपुर गाँउपालिकामा कार्यान्वयन गरिने कालिका इटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित : २०७९/११/२४**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | महेन्द्र शाह, शेर वहादुर ओली<br>जोशीपुर गाँउपालिका -७ |
| **प्रस्तावको व्यहोरा** | कार्यान्वयन हुने स्थान: जोशीपुर गाँउपालिका -७, घैला क्षेत्र तथा आसपास , कैलाली<br>प्रस्तावको सामान्य जानकरी:<br>लगानी रु पाँच करोड<br>लगानी किसिम : एकल<br>क्षेत्रफल : ७ बिगाहा |
| **प्रस्तावले प्रभाव पार्ने जिल्ला, गाउँपालिका** | कैलाली जिल्लाको जोशीपुर गाँउपालिका वडा न ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, समाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका, वडा तथा त्यस क्षेत्रका विधालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव दिनु उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| शेर वहादुर ओली, महेन्द्र शाह<br>जोशीपुर गाँउपालिका -७<br>कैलाली | पि फाइभ नेपाल मल्टपप्रपोज प्रा.लि बुटवल, ६ रुपन्देही।<br>इमेल: p5nepalmultipurpose@gmail.com |

## बोनस दर कायम गरिएको सूचना

**यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको आ.व ०७८/०७९ को आर्थिक स्थितिको लेखाजोखा र दायित्व मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणबाट मिति २०७९/११/१६ मा स्वीकृत भए अनुसार यस कम्पनीले मुनाफामा सरिक हुने (बोनस प्रदान गर्ने) गरी जारी गरेको बीमालेखहरुमा निम्न बमोजिमको बोनस दर मृत्यु दाबी, पूर्ण वा आंशिक अवधि भुक्तानी दाबी, समर्पण मूल्य दाबी, चुक्ता मूल्य दाबी तथा चालु बीमालेखमा समेत लागु हुनुका साथै बीमा प्राधिकरणबाट अर्को वर्षको बीमाङ्कीय मूल्याङ्कन स्वीकृत नभएसम्मको लागि यस कम्पनीले भुक्तानी गर्ने उल्लेखित दाबीहरुमा समेत सोही बोनस दर कायम हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।**

| बीमालेखको किसिम | बीमा अवधि (वर्ष) | बोनस (प्रति हजार) | बीमालेख संख्या |
|---|---|---|---|
| सनलाइफ सावधिक जीवन बीमालेख | ०-०९ | ३० | ३९ |
| | १०-१४ | ३० | ६१७ |
| | १५–१९ | ३० | १६७६४ |
| | २०–२४ | ५० | ३५०५ |
| | २५ वा सो भन्दा बढी | ५० | २६२ |
| भाग्योदय जीवन बीमालेख (एकल भुक्तानी सावधिक) | ०-०९ | ३० | ११ |
| | १०-१४ | ३० | ६६ |
| | १५–१९ | ३० | ४०३ |
| | २०–२४ | ५० | ६२ |
| | २५ वा सो भन्दा बढी | ५० | ३ |
| बाल समृद्ध जीवन बीमालेख (बालबालिकाको सावधिक बीमा) | १०-१४ | ३० | ४२९ |
| | १५–१९ | ३० | २२८५१ |
| | २०–२४ | ५० | २६६१ |
| | २५ वा सो भन्दा बढी | ५० | २५ |
| सुनौलो सावधिक जीवन बीमा | १५–१९ | ३० | ४ |
| | २०–२४ | ५० | १६ |
| नवीन आजीवन बीमालेख (सावधिक तथा आजीवन) | ०-०९ | ३८ | २ |
| | १०-१४ | ३८ | ७४ |
| | १५–१९ | ३८ | ३६७१ |
| | २०–२४ | ६० | ७२६ |
| | २५ वा सो भन्दा बढी | ७५ | ६५ |
| सार्थक आजीवन बीमालेख (अग्रिम भुक्तानी तथा आजीवन) | सबै बीमा अवधि (१५) | ४२ | १२२१ |
| सिमित अवधि भुक्तानी तथा अग्रिम भुक्तानी सावधिक बीमा योजनाहरू (धनलक्ष्मी बीमा योजना समेत) | १०-१४ | २९ | २६३ |
| | १५–१९ | २९ | २०८ |
| | २० वा सो भन्दा बढी | ३० | १ |
| धनञ्जय बार्षिक अग्रिम भुक्तानी जीवन बीमा | १-०९ | २९ | ७ |
| | १०-१४ | २९ | ८७ |
| | १५–१९ | २९ | ३१५० |
| | २० वा सो भन्दा बढी | ३० | ९५१४ |

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
**SUN NEPAL LIFE INSURANCE COMPANY LTD.**
SUNLIFE सबैको लागि सुरक्षा, शिक्षा र समृद्धि
कर्पोरेट कार्यालय, न्यू प्लाजा पुतलीसडक, काठमाण्डौं। फोन नं. ०१-४५३६१२६,४५३६१२७, ४५३६१२८
E-mail:info@snlic.com I www.sunlife.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : INFINITE CAPACITY SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०२/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२३ LT. No. 262819 चलानी नं. ६०१७९१७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 88 | 0 | 1500 | ४३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : AMSTEEL MILLS SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२३ LT. No. 278712 चलानी नं. ६०१९४२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 150 | 0 | 1500 | ४३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १ गते (15th Mar. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ABDUL AZIZ A. ABU BUSHAIT & PARTNER COMPANY**

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No 282270 चलानी नं. ६०१९७६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 18 | 0 | 1200 | ४१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: Wunjala Moskva, Naxal-1, KTMमा मिति: २०७९ चैत १ देखि ३ गते (15-17th Mar. 2023) सम्म हुनेछ।**

**कम्पनी : JADEER ASSET MANAGEMENT COMPANY**

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No 282170 चलानी नं. ६०१९७६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labours | 2 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १ गते (15th Mar. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GRAND HOTEL KUWAIT**

पूर्व स्वीकृति मिति २०७८/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२३ LT. No. 255767 चलानी नं. ६०१६५१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery & Pastry Chef | 0 | 1 | 130 | ५५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 3 | 3 | 140 | ५९,५१५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 4 | Chef De Partie | 1 | 1 | 200 | ८५,०२५ | | | | | | | |
| 5 | Commi Chef | 2 | 1 | 120 | ५१,०१५ | | | | | | | |
| 6 | Demi Chef | 2 | 1 | 160 | ६८,०२० | | | | | | | |
| 7 | Driver | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 8 | Executive Housekeeper | 1 | 0 | 280 | ११९,०३५ | | | | | | | |
| 9 | General Technician | 1 | 0 | 170 | ७२,२७० | | | | | | | |
| 10 | Housekeeping Attendant | 6 | 8 | 100 | ४२,५१० | | | | | | | |
| 11 | Housekeeping Supervisor | 0 | 1 | 180 | ७६,५२० | | | | | | | |
| 12 | Kitchen Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 13 | Laundry Equipment Specialist | 1 | 0 | 200 | ८५,०२५ | | | | | | | |
| 14 | Laundry Man | 2 | 2 | 100 | ४२,५१० | | | | | | | |
| 15 | Painter | 2 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 150 | ६३,७६५ | | | | | | | |
| 17 | Receptionist | 1 | 1 | 150 | ६३,७६५ | | | | | | | |
| 18 | Sous Chef | 1 | 0 | 300 | १२७,५३५ | | | | | | | |
| 19 | Steward | 8 | 0 | 100 | ४२,५१० | | | | | | | |
| 20 | Waiter/waitress | 2 | 4 | 110 | ४६,७६५ | | | | | | | |

**कम्पनी : PIGEON ENGINEERING PROJECTS, TRADING & GENERAL SERVICES WLL**

पूर्व स्वीकृति मिति LT No. 282336 चलानी नं.

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 61 | 0 | 1000 | ३६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Cleaner | 9 | 0 | 1000 | ३६,०१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १ गते (15th Mar. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## डा. रुइत...

पृष्ठ १ बाट जारी

चिन्ता भएको उनको भनाइ थियो । हरेक हिसाबले सम्भावना बोकेको जिल्ला भएकाले यहाँको विकास र समृद्धिका लागि सबै जना मिलेर अघि बढ्नुपर्ने आवश्यकतामा उनले जोड दिए । ओलाङचुङगोलाप्रति मात्रै नभई समग्र जिल्लाप्रति नै आफ्नो केही दायित्व भएकाले भित्रैबाट केही गरौं-गरौं लाग्ने उनको भनाइ थियो ।

यस्तै संसारभरका पर्यटकको मुख्य आकर्षण र गन्तव्यका रूपमा यस जिल्लालाई चिनाउने र विकसित गर्ने आफ्नो इच्छा रहेकोसमेत उनले बताएका छन् । यसले यहाँको आर्थिक गतिविधि बढ्नुका साथै नागरिकहरू गुणस्तरीय स्वास्थ्य, शिक्षाको पहुँचमा पुग्ने र आत्मनिर्भर हुने बाटो खुल्ने उनको भनाइ छ । यसका लागि पर्यटन र अन्तरदेशीय व्यापार प्रवर्द्धनका लागि मुख्यरूपमा तमोर करिडोरको चाँडो निर्माण सम्पन्न हुनुपर्ने उनले प्रस्ट पारे । यस सडक संरचना छिटो सम्पन्न भएमा टिपताला नाका हुँदै आयात-निर्यात हुने र यसले यहाँका जनतालाई फाइदा पुग्ने उनले बताए । तमोर करिडोर ओलाङचुङगोलासँग जोडिन करिब तीन किलोमिटर बाँकी रहेको छ । उता टिपतालाबाट ओलाङचुङगोला बस्ती तीन वर्षअघि नै सडक सञ्जालले जोडिएको छ ।

कुनै समय उत्तरी चीनसँगका विभिन्न नाकाहरूलाई तिब्बतसँग जोडिएको टिपताला नाकाले लिड गर्ने गरेको तर हाल बन्द अवस्थामा रहेको सुनाउँदै उनले यसलाई खोल्न सरकारले कूटनीतिकरूपमा पहल गर्नुपर्ने बताएका छन् । निर्माणाधीन तमोर करिडोरले छिमेकी मुलुक चीन र भारतलाई सबैभन्दा छोटो मार्गबाट जोड्ने भएकाले सडक पूर्वाधारको निर्माण चाँडो सम्पन्न गरेर टिपताला नाका सञ्चालनमा ल्याउन आवश्यक भएको बताए । छिमेकी मुलुक चीनसँग व्यापारिक सम्बन्ध राखेर मुलुक र जनताको आर्थिक समृद्धिका लागि सरकारले कूटनीतिक पहलकदमी चाल्नुपर्ने उनको भनाइ छ ।

टिपताला नाका हाल बन्द रहेको छ । कोभिड संक्रमणकालमा चीनले बन्द गराएको नाका हालसम्म नखुल्दा सीमावर्ती क्षेत्रका नागरिकलाई समस्या छ । झण्डै तीन वर्षदेखि नाका बन्द रहँदा टिपताला नाका हुँदै आयात-निर्यात पनि ठप्प छ । सीमावर्ती गाउँ ओलाङ्चुङगोला, घुन्सा, याङ्माका बासिन्दाले तिब्बतबाट खाद्यान्नलगायतका सामान आयात गर्ने गर्थे भने यहाँ उत्पादित गलैंचा, घिउ, छुर्पी र जडीबुटी निर्यात गर्थे ।

### सपनाझैं लाग्छन् गाउँघरका पहाड र विगत

सात वर्षको हुँदा उनका बुवाले डा. सन्दुकलाई पढाउन १५ दिन लगाएर दार्जिलिङ पुऱ्याएका थिए । उनलाई त्यो बेला लेलेप, तापेथोक, मित्लुङ, ताप्लेजुङ बजार, पाँचथर हुँदै दार्जिलिङ जाँदाको क्षण अलिअलि याद छ । बाटोमा हिँड्दै गर्दा उनका बुवाले माथि-माथिका डाँडा हेर्दै विभिन्न नाम लिएर देखाएका गाउँ सम्झिँदा मनमनै सपनामा बसेका ठाउँहरूजस्तो लाग्ने उनले सुनाए ।

आँखा शिविरमा आँखा जाँच गराउन तापेथोकमा आएकाहरूलाई घर गाउँ सोधीसोधी जाँच गरिरहेका देखिन्थे । 'आँखा उपचारमा आएकाले आफ्नो गाउँको नाम सुनाउँदा सानैमा आफ्ना बुवाले सुनाएको गाउँको नाम याद आयो, पहिले ती ठाउँहरू विकट थिए, मुस्किलले हिँड्नुपर्थ्यो, अहिले केही ठाउँमा गाडी गुड्ने सडक पुगेको छ, कतिपय बिरामी मुस्किलले हिँडेर टाढा-टाढाबाट आएको पाएँ,' डा. रुइतले भने ।

उसबेला गाउँमा जाने पैदल बाटो पनि त्यति सहज थिएन । गाउँमा बिजुली, टेलिफोन कुरै भएन । याक, चौंरीपालन, जडीबुटी संकलन मुख्य पेसा थियो । गोलावासीले तिब्बतमा आफ्ना उत्पादन बेचेर नुन, तेल र खाद्यान्नलगायत अन्य सामान ल्याउने गर्थे । त्यो बेला यहाँका नागरिकको दुःख सम्झिँदा गाउँमा अझै पनि त्यति सहज र सुविधा नहोला भन्ने उनलाई लाग्ने गरेको छ । त्यसैले पनि आफू जहाँ पुगे पनि आफ्नो गाउँघर, आफन्त र यहाँका बासिन्दाको सम्झना उनलाई आइरहन्छ ।

गाउँका अग्ला पहाड र भिरपाखामा बसोबास गरिरहेका नागरिकको दुःखमा राज्यको नजर पुगोस् भन्ने उनलाई लाग्छ । अझै पनि यहाँका दूरदराजका गाउँका नागरिक गुणस्तरीय शिक्षा स्वास्थ्यको पहुँचमा छैनन् । राम्रो पठनपाठन, स्वास्थ्योपचारका लागि कम्तीमा सदरमुकाम फुङलिङसम्म नै आउनुपर्छ । ओलाङचुङगोला, याङ्मा, घुन्साजस्ता गाउँबाट दुई-तीन दिनको समय लगाएर सदरमुकाम आउनुपर्छ ।

डा. रुइत जन्मे-हुर्केको गाउँ ओलाङचुङगोला पुग्न सदरमुकाम फुङलिङबाट अहिले दुई दिनको समय लाग्छ । यहाँबाट १५ दिनको समय लगाएर सात वर्षको उमेरमा पढाइका लागि दार्जिलिङ पुगेर शिक्षा आर्जन सुरु गरेका डा. रुइतले विस्तारै आफूलाई चिकित्सा विज्ञानमा समर्पित गरे । विभिन्न ठाउँमा अध्ययन र सेवासँगै पछिल्लोपटक अस्ट्रेलियामा रहेर एक वर्षको अध्ययनपछि नेपाल फर्किएर काठमाडौंमा आँखा चिकित्सालयको स्थापना गरे । उनी अहिले तिलगंगा आँखा प्रतिष्ठानको संस्थापक एवं नेत्ररोग विशेषज्ञका रूपमा विश्वभर परिचित छन् ।

उनलाई विश्वका गरिबहरूका लागि आँखाका देवताका रूपमा लिने गर्दछन् । उनले एक लाखभन्दा बढी मानिसको आँखाको ज्योति पुनःस्थापित गरेको बताइन्छ । विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय पुरस्कारबाट पुरस्कृत उनी पछिल्लोपटक प्रतिष्ठित इसा अवार्डबाट सम्मानित भएका छन् । झण्डै तीन दशकदेखि मानवताका लागि सेवा गरेबापत बहराइन सरकारका तर्फबाट राजा हमादबिन इसा अल खालिफाले सो पुरस्कार प्रदान गरेका थिए ।

यसैबीच सोमबार गाउँमा पुग्दा उनलाई आफ्नो भूगोल र समुदायको शिर उच्च राखेकामा खुसी व्यक्त गर्दै आफन्त तथा गाउँलेले भव्य स्वागत गरेका छन् । विश्वमाझ आफ्नो छुट्टै पहिचान बनाएका डा. रुइतलाई लामो समयपछि जन्मेको गाउँमा पुग्दा जति खुसी र उत्साह थियो उति नै आफन्तलाई पनि । उनलाई स्वागत गर्न गाउँभरका आफन्त एकै ठाउँमा जम्मा भएका थिए ।

तिलगंगा आँखा प्रतिष्ठान र फक्ताङ्लुङ गाउँपालिकाको आयोजनामा फक्ताङ्लुङ गाउँपालिकामा सञ्चालित शिविर सम्पन्नपछि उनी आफ्नो गाउँमा पुगेका हुन् । शिविरमा उनले आफ्ना गाउँठाउँका ७० जना मोतियाबिन्दुको समस्यामा परेका बिरामीको शल्यक्रिया गरेका छन् ।

गाउँमा फर्किएर ज्योति दिएकामा उनीप्रति गाउँलेले खुसी व्यक्त गरे । यस्तै शिविरमा दुई हजार ४०० भन्दा बढीले आँखाको जाँच तथा उपचार सेवा लिएका थिए । चार जनाको भने जटिल समस्या देखिएकाले तिलगंगा आँखा अस्पतालमा उपचारका लागि सिफारिस गरिएको बताइएको छ । बिरामीलाई शल्यक्रिया गरिने स्थान तापेथोकसम्म आउन-जान गाडीको व्यवस्था गाउँपालिकाले मिलाएको थियो ।

आफ्नै गाउँठाउँमा जन्मे-हुर्केको छोराकै हातबाट उपचार गर्न पाउँदा स्थानीयवासी हर्षित देखिन्थे । दूरदराजका गाउँमा निःशुल्क नेत्र शिविर सञ्चालन हुँदा यहाँका धेरै नागरिकले आँखा देख्न पाउँदा नयाँ जीवन पाएको बताएका छन् । *रासस*


### कम्पनीको नाम परिवर्तन उद्देश्य थप सहितको प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०७९/११/२४**

यस कम्पनीको मिति २०७५/१०/१४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **सप्तभूमे इन्टरप्राइजेज प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **सप्तभूमे इन्टरप्राइजेज एण्ड बिल्डस प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सप्तभूमे इन्टरप्राइजेज एण्ड बिल्डस प्रा.लि.(प्रा.लि.नं.२००३२५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONG NAM INDUSTRY (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२३ LT. No. 267165 चलानी नं. ६०१८३०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | 1500 | ४३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १ गते (15th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**Swift H.R. Solution Pvt. Ltd.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PAPERS FOR TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No.282213 चलानी नं. ६०१९७६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1200 | ४३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४३,२२० | | | | | | | |
| 3 | Plaster Worker | 3 | 0 | 1200 | ४३,२२० | | | | | | | |

कम्पनी : BEAUTY ARTS SALOON

पूर्व स्वीकृति मिति २०७९/११/२३ LT. No.282212 चलानी नं. ६०१९७६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MENS BARBER | 2 | 0 | 1700 | ६१,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १ गते (15th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पुर्व स्वीकृति मिति २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२३ LT. No. 278288 चलानी नं. ६०१९३७७४

